# स्थानीय राजपत्र

## बाह्रदशी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ७), झापा, कोशी प्रदेश, नेपाल, असार ५ गते २०८० (संख्या १

भाग २


## बाह्रदशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको सूचना

## तहवृद्धि सम्बन्धी कार्यविधि, २०८०

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०३।०१**

**प्रमाणिकरण मितिः २०८०।०३।०४**

**प्रस्तावनाः** कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० बमोजिम बाह्रदशी गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कामकाजलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी बाह्रदशी गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "तहवृद्धि सम्बन्धी कार्यविधि, २०८०" हुनेछ ।

(२) यो कार्यविधि बाह्रदशी राजपत्रमा प्रकाशन भएपश्चात बाह्रदशी गाउँपालिका, झापामा लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "अध्यादेश" भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० लाई सम्झनुपर्दछ ।

(२) "कर्मचारी" भन्नाले बाह्रदशी गाउँपालिकाको स्थानीय सेवामा बहालमा रहेको स्थायी कर्मचारीलाई सम्झनुपर्दछ ।

(३) "कार्यालय" भन्नाले बाह्रदशी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय, चकचकी, झापालाई सम्झनुपर्दछ ।

(४) "गाउँपालिका" भन्नाले बाह्रदशी गाउँपालिका, झापालाई सम्झनुपर्दछ ।

(५) "गाउँ कार्यपालिका" भन्नाले बाह्रदशी गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(६) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग, विराटनगरलाई सम्झनुपर्दछ ।

(७) "समिति" भन्नाले दफा ४ बमोजिम गठित समितिलाई सम्झनुपर्दछ ।

३. **सूचना प्रकाशन गर्नेः** (१) अध्यादेश बमोजिम गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीको तहवृद्धिका लागि गाउँपालिकाले प्रत्येक वर्षको जेठ महिना र मंसिर महिनाको अन्तिम साताभित्र तहवृद्धिका लागि सम्भाव्य उम्मेद्वारहरुका लागि कम्तिमा १५ दिनको म्याद दिई दरखास्त आह्वान सम्बन्धि सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचनापाटी, सबै वडा कार्यालयहरुको सूचनापाटी र गाउँपालिकाको वेभसाइटमा प्रकाशन गर्नुपर्नेछ ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिम र दफा ८ को उपदफा (१६) बमोजिम एकपटकको लागि स्वतः तहवृद्धि गर्न कुनै सूचना प्रकाशन गर्नुपर्ने छैन ।

(४) उपदफा (१) बमोजिम प्रकाशित सूचनाको म्याद भित्र तहवृद्धिका लागि सम्भाव्य उम्मेद्वारहरुले अनुसुची १ को ढाँचामा कार्यालयमा दरखास्त दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम दरखास्त पेश गर्दा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः

क. सेवा अवधि प्रमाणित भएको कार्यालयको पत्र,

ख. जुन तहमा तहवृद्धि हुने हो सो तहभन्दा कम्तिमा एक तह मुनिको पदमा खुला प्रतियोगिताको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रतिलिपीहरु,

ग. गयल कट्टी नभएको, सेवा निरन्तरता रहेको, विभागीय कारबाहीमा नपरेको, अध्ययन/ असाधारण विदामा नबसेको स्वघोषणा पत्र,

घ. पेसा सम्बन्धि व्यवसायी परिषद्‌ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपी (आवश्यक हुनेको हकमा),

ङ. समितिले तोकेको अन्य कागजातहरु ।

४. **सिफारिस समितिः** (१) तहवृद्धि गर्ने प्रयोजनका लागि देहायको तहवृद्धि सिफारिस समिति गठन गर्नुपर्नेछः

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको बरिष्ठ कर्मचारी (एक जना) -सदस्य

(ग) कार्यपालिकाले तोकेको बरिष्ठ महिला कर्मचारी (एक जना) -सदस्य

(२) उपदफा (१) बमोजिम गठित समितिको सचिवालयको रुपमा कार्यालयको कर्मचारी प्रशासन हेर्ने शाखाले काम गर्नेछ ।

(३) समितिले आफ्नो बैठकमा कर्मचारी प्रशासन हेर्ने शाखाको प्रमुख तथा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) कार्यपालिकाले समितिका सदस्यहरु परिवर्तन गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः** (१) यस कार्यविधि बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहवृद्धी गर्दा तहवृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा पाँच वर्षको सेवा अवधी पूरा भएका, पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत

नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हाँसिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समुह वा उपसमूहभित्र तह वृद्धि गरिनेछः

| क. स. | हाल को तह | तहवृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | पाँचौं | छैठौं | सेवा समूहसंग सम्बन्धित विषयमा कम्तिमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | सातौं | आठौं | सेवा समूहसंग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) यस कार्यविधि बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा ज्येष्ठता र कार्यसम्पादन मुल्याङ्कनद्वारा बढुवा हुने पदहरुमा बढुवाको लागि सम्भाव्य उम्मेद्वार हुन सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा बढुवा हुन सम्भाव्य उम्मेद्वार हुने तल्लो पदमा सेवाकालीन तालिम लिएका र पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा कम्तिमा नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र विज्ञापन हुनुभन्दा अघिको असार मसान्तसम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछः

| क. स. | बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | अधिकृत सातौं | अधिकृत छैठौं तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसंग सम्बन्धित विषयमा कम्तिमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | सहायक पाँचौं | सहायक चौथो तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसंग सम्बन्धित विषयमा कम्तिमा एस. ई. ई. वा सो सरह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

६. **<u>जाँचबुझ गर्ने:</u>** (१) दफा (३) को उपदफा (४) र (५) बमोजिम प्राप्त दरखास्त तथा अन्य कागजातहरु समितिले जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कागजात जाँच गर्दा कुनै उम्मेद्वारको तहवृद्धिका लागि आवश्यक पर्ने आधारभुत कागजात नपुगेको देखिएमा तत्काल सम्बन्धित कर्मचारीलाई जानकारी गराई उक्त कागजात पेश गर्न बढीमा ३ दिनको समय दिनुपर्नेछ ।

तर, उम्मेद्वारले छुटेको कुनै कागजात पेश गर्दा दरखास्त पेश गर्ने अन्तिम मिति भित्र जारी भएका कागजात वा प्रमाणपत्र मात्र पेश गर्न सक्नेछ । दरखास्त पेश गर्ने अन्तिम मिति पछि जारी भएका कागजात वा प्रमाणपत्रलाई समितिले मान्यता दिने छैन।

७. **<u>सिफारिस गर्ने:</u>** (१) दफा ६ बमोजिम दरखास्त फारम तथा अन्य कागजात जाँचबुझ गर्दा निम्न बमोजिम मापदण्ड पुरा भएको देखिएमा समितिले कर्मचारीको तहवृद्धिका लागि अनुसुची ३ को ढाँचामा सिफारिस गर्नुपर्नेछः

क. पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषतमा नब्बे प्रतिशत भन्दा बढी अंक प्राप्त गरेको,

ख. दफा ५ बमोजिम योग्यता हासिल गरेको,

ग. नसिहतको सजाय पाएको भए सो सजाय पाएको एक वर्ष पुरा भएको, तलबवृद्धि वा बढुवा रोक्का भएको भए सो अवधि पूरा भएको,

घ. असाधारण विदामा बसेको अवस्थामा विदा कटाई सेवा अवधि सम्बन्धित तहमा ५ वर्ष पूरा भएको,

ङ. तहवृद्धि हुने अवधिमा निलम्बनमा नभएको,

च. पेसा सम्बन्धि व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको अवधि नसकिएको (आवश्यक हुनेको हकमा)

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कुनै उम्मेद्वार तहवृद्धिका लागि सिफारिस नभएमा तहवृद्धिका लागि सिफारिस नहुनाको कारण जनाई निजलाई जानकारी गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सिफारिस गर्दा तहवृद्धि हुने पद, तह, सेवा, समूह, ज्येष्ठता लागू हुने मिति समेत खुलाई सिफारिस गर्नुपर्नेछ ।

८. **तहवृद्धि गर्नेः** दफा ७ बमोजिम सिफारिस समितिले तह वृद्धि गर्न सिफारिस गरेपछि तह वृद्धिको लागि सम्भाव्य उम्मेद्वारहरुलाई प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गरि ७ दिन भित्र अनुसुची २ बमोजिमको ढाँचामा तहवृद्धि भएको पत्र उपलब्ध गराउनु पर्नेछ।

९. **तह वृद्धि सम्बन्धि विशेष व्यवस्थाः** (१) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पूरा गरेका पाँचौं र सातौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रकृया पूरा गरि एक पटकका लागि क्रमशः छैठौं र आठौं तहमा एक तह वृद्धि गरिनेछ।

(२) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैठौं तहको पदमा सिफारिस भई नियुक्ती भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा एक पटकका लागि सातौं तह कायम गरिनेछ।

(३) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिम तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियूक्ति पत्र दिनु पर्नेछ।

(४) अन्यत्र पालिकाबाट यस पालिकामा कामकाजमा खटिई आएका कर्मचारीहरुको तह वृद्धि दरबन्दी रहेको कार्यालयबाट हुने र यस पालिकाबाट अन्यत्र कामकाजमा गएका कर्मचारीहरुको तह वृद्धि यसै कार्यविधि बमोजिम हुनेछ ।

१०. **ज्येष्ठता कायमः** (१) यस कार्यविधि बमोजिम तहवृद्धि हुने कर्मचारीको जेष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ती पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ।

तर, संघीय लोक सेवा आयोगबाट छैठौं तहको पदमा सिफारिस भई नियुक्ती भएका कर्मचारीलाई अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम सातौं तहमा तहवृद्धि गर्दा छैठौं तहको पदमा स्थायी नियूक्ती पाएको मिति देखि लागु हुने गरि ज्येष्ठता कायम गरिनेछ।

(२) दफा ८ बमोजिम तहवृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ एक गते र श्रावण एक गतेबाट ज्येष्ठता कायम गरिनेछ।

**११. बाधा अडकाउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँकार्यपालिकामा रहनेछ।

**१२. तह वृद्धि गर्न नहुने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेद्वार हुन पाउने छैन र उक्त अवधिभर निजको तहवृद्धि समेत रोक्का गरिनेछ:

क. निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

ख. तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

ग. तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

घ. अध्यादेशको दफा ४२ बमोजिम सेवा वा समुह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

ङ. असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

च. पेसा सम्बन्धि व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर,

**१३. जानकारी दिनु पर्ने:** यस कार्यविधि बमोजिम गरिएको तहवृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

**१४. पदनाम:** (१) यस कार्यविधि बमोजिम तहवृद्धि हुने पदको पदनाम अध्यादेश बमोजिम गाउँ कार्यपालिकाले बनाउने नियमावली बमोजिम हुनेछ ।

तर, नियमावली नबनेसम्म तहवृद्धि हुनु भन्दा तत्काल अघि कायम रहेको (हाल बहालमा रहेको) पदनाम पछाडी कोष्ठकमा तहवृद्धि भई कायम भएको तह लेख्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहायकस्तर पाचौं तहबाट अधिकृतस्तर छैठौं तहमा वृद्धि हुने स्थानीय प्रशासन सेवाका कर्मचारीको पदनाममा अधिकृतस्तर भन्ने पदनाम कायम गरिनेछ ।

**१५. तहवृद्धि भएका कर्मचारीको सेवा, सुविधा:** यस कार्यविधि बमोजिम तहवृद्धि भएका कर्मचारीले तहवृद्धिको निर्णय भएको मितिदेखि लागू हुने गरी वृद्धि भएको तहको सेवा सुविधा प्राप्त गर्नेछन् ।

१६. **<u>उजुरी/ गुनासोः</u>** (१) यस कार्यविधि बमोजिम तहवृद्धि नहुने कुनै उम्मेद्वारले तहवृद्धिको सिफारिस सम्बन्धि निर्णयमा चित्त नबुझेमा तहवृद्धिको निर्णय भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/ गुनासो गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरी/ गुनासोको सम्बन्धमा प्रदेश लोक सेवा आयोगबाट प्राप्त निर्देशन कार्यालय तथा उजुरी/ गुनासोकर्ता दुवैलाई मान्य हुनेछ र उक्त निर्देशन कार्यान्वयन गर्नु कार्यालय तथा उम्मेद्वारको कर्तव्य हुनेछ ।

१७. **<u>अभिलेख राख्नुपर्नेः</u>** यस कार्यविधि बमोजिम तहवृद्धि हुने कर्मचारीहरुको अभिलेख कार्यालयले दुरुस्त राख्नुपर्नेछ र तालुक निकायबाट माग भएको बखत तत्काल उपलब्ध गराउनुपर्नेछ ।

१८. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१९. **<u>संशोधन र खारेजीः</u>** (१) यो कार्यविधिलाई सामयिक रुपमा संशोधन गर्न आवश्यक भएमा गाउँ कार्यपालिकाले संशोधन, खारेज तथा थपघट गर्न सक्नेछ ।

(२) यो कार्यविधि प्रचलित संघीय कानून तथा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

बाह्रदशी राजपत्र

अनुसुची १

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

| |
|---|
| फाराम दर्ता नं<br>मितिः |

# बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चकचकी, झापा, कोशी प्रदेश

(तहवृद्धि आवेदन फाराम)

| |
|---|
| उम्मेद्वारको हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी शाखा प्रमुखबाट प्रमाणित गर्नुपर्ने |

१. सूचनाको विवरणः

| | |
|---|---|
| तहवृद्धिको सूचना नम्बरः ............................ | मितिः.................................. |
| सेवा/समूहः.............................. | तहवृद्धि हुने तहः..................... |

२. उम्मेद्वारको विवरणः

| | |
|---|---|
| उम्मेद्वारको नाम,थर (देवनागरीमा)............................................... | |
| उम्मेद्वारको नाम,थर(अंग्रेजी ठूलो अक्षरमा)...................................... | |
| ठेगानाः...................................... | वहालमा रहेको कार्यालयः........................... |
| बाबुको नाम.............................. | हालको सेवाः.......................................... |
| आमाको नामः................................ | समूह/उपसमूहः.................................... |
| बाजेको नामः................................ | पदः............................................ |
| नागरिकता प्रमाणपत्र नं.................... | कर्मचारी संकेत नं.............................. |
| जारी जिल्लाः ................................ | मोबाइल नं..................................... |

३. सेवाको विवरणः (शुरुदेखि हालसम्मको)

| क्र. सं | पदको नाम, श्रेणी/तह, सेवा, समूह/उपसमूह | कार्यालयको नाम | नियुक्ती वा बढुवा मिति | बहाल रहेको मिति | | असाधारण विदा बसेको भए सोको अवधि | | कसरी आएको (खुल्ला, बढुवा, समायोजन/सरुवा) | स्थायी नियुक्ती गर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | देखि | सम्म | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

४. हालको तहमा वा समायोजन हुनु भन्दा पहिलाको समान तहको पदमा तहवृद्धिको लागि आवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने अवधि......................वर्ष, ..........महिना, ............दिन

५. तहवृद्धिका लागि योग्य भए/नभएको अवस्थाः

क. विभागीय कारबाही भएको/नभएको ........................
भएको भए कुन कारबाही भएको हो? सकिने अवधि उल्लेख गर्नुहोस......................

ख. कार्यविधिको दफा ५ को उपदफा (१) बमोजिम तह वृद्धि हुने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/नगरेको...................

ग. असाधारण/ अध्ययन विदामा बसेको/नबसेको ......................
बसेको भए सोको अवधि उल्लेख गर्नुहोस............................

घ. निलम्बनमा परेको/नपरेको..................................

ङ. पेशासँग सम्बन्धित व्यवसायी परिषद्को प्रमाणपत्रको अवधिः.................................

६. माथि उल्लेखित विवरण ठीक छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला भनी सहीछाप गर्नेः

कर्मचारीको नाम,थर ..........................
संकेत नं ........................................
पद...........................................
सही र मितिः................................

| ल्याप्चे सहीछाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

अनुसुची २
(दफा ८ सँग सम्बन्धित)
(कार्यालयको लेटर हेड)

**मितिः** .............

**विषयः** तह वृद्धि सम्बन्धमा ।

महाशय,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ........... बमोजिम सिफारिस समितिको मिति ........ गतेको सिफारिस अनुसार तपाईलाई देहाय बमोजिम तह वृद्धि गरिएको छ ।

तह वृद्धि हुनु भएकोमा बधाई छ।

| **हालको पद, तह, सेवा/समूह, कार्यालय** | **तह वृद्धि भएको पद, तह, सेवा/समूह, कार्यालय र ज्येष्ठता लागु हुने मिति** |
|---|---|
| पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः | पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः<br>ज्येष्ठता लागु हुने मितिः |

श्री
(संकेत नं.......)

(................)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।
श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुर ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर ।
श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर ।
श्री प्रदेश किताबखाना, कोशी प्रदेश, विराटनगर ।
श्री आर्थिक प्रशासन शाखा, बाह्रदशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, झापा ।

बाह्रदशी राजपत्र

अनुसुची ३

(दफा ७ सँग सम्बन्धित)

तहवृद्धिको सिफारिस ( कार्यालयको प्रयोजनका लागि )

क. आवेदक कर्मचारीले समायोजन हुनु पूर्व र समायोजन पश्चात गरी हालको तहमा पुरा गरेको सेवा अवधिः......................... वर्ष, ......................महिना, ............................दिन ।

ख. आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अंक र सोको औषतः

अ. आ.व. ............./............... को प्राप्ताङ्क ..........................................

आ. आ.व. ............./............... को प्राप्ताङ्क ..........................................

इ. आ.व. ............./............... को प्राप्ताङ्क ..........................................

औषत प्राप्ताङ्क ......................................................

ग. तहवृद्धि सम्बन्धी कार्यविधि, २०८० को दफा ५ को उपदफा (१) बमोजिमको न्यूनतम योग्यता तथा मापदण्ड पुरा गरेको देखिएकाले निजलाई हाल कार्यरत तहबाट समान सेवा, समूह, उपसमूह र पदमा एक तहवृद्धि गर्न सिफारिस गरिएको छ।

सिफारिस मितिः-............................................ ज्येष्ठता लागू हुने मितिः-.........................

तहवृद्धि हुने तह- ......................................... सेवाः-..............................................

समूह/उपसमूहः-............................................ पदः.................................................

| ......................... | ......................... | ....................... |
|---|---|---|
| सदस्य | सदस्य | संयोजक |
| नाम,थर | नाम,थर | नाम,थर |
| संकेत नं | संकेत नं | संकेत नं |

**आज्ञाले,**

**खेमराज थापा**

**प्रमुख प्रशासकीय अधिकृत**